कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल
फोनः ०१०५४२०९८

प.सं. : २०८०/०८१
च.नं. :

## अनुदानको मल बिकी वितरणको लागि आवेदन दर्ता तथा नवीकरण गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति-: २०८०/०५/१२**

प्रस्तुत बिषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम यस गाउँपालिकाको स्थानिय तह मल वितरण व्यवस्थापन समितिको मिति २०८०/०५/१२ को बैठकको निर्णय अनुसार अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १५ बमोजिम मल बिक्रेता नियुक्ति तथा बिक्री वितरण सम्बन्धी व्यवस्थाका लागि यस गाउँपालिकाभित्र रहेका ईच्छुक कृषि सहकारी संस्थाहरु,अन्य सहकारी संस्थाहरु,निजी फर्म वा कम्पनीहरुले तपसिलका कागजातहरु संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ (**सात**) दिनभित्र कार्यालयको कृषि विकास शाखामा आवेदन दर्ता तथा नवीकरण सम्वन्धी आवेदन पेस गर्नुहुन मल व्यवस्थापन समितिको निर्णानुसार अनुरोध गरिन्छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. अनुदानको मल बिकेता नियुक्ति लागि दर्ता तथा नविकरण सम्बन्धि निवेदन ।
२. सहकारी संस्था, फर्म वा कम्पनीको बैठक निर्णको प्रतिलिपी ।
३. सहकारी संस्था,फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र, स्थायी लेखानंम्बर दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. विगत २ आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी।
५. अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण ।
६. संस्थाले मलको कारोवार गर्ने कार्यक्षेत्र ।
७. नापतौल गर्ने मेशिन, गोदाम घर, सुचना प्रविधि लागायतका भौतिक पुवार्धारहरुको विवरण ।
८. विगतमा मलको कारोवार गरेको भए मल विकेता प्रमाणपत्रको प्रतिलिपी र २ आ.व.को मल वितरणको विवरण ।
९. सम्वन्धित वडा कार्यलयको सिफारिस पत्र ।

२०८०/०५/१२

**(कृष्ण बहादुर के.शि.कुँवर)**
**प्रमुख प्रशासकीय अधिकृत**
प्रमुख प्रशासकीय अधिकृत